# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

# वित्तीय पहुँच र स्थायित्वमा प्रमुख प्राथमिकताः गभर्नर डा. खतिवडा

गभर्नर डा. युवराज खतिवडाले नेपालको वित्तीय क्षेत्र विकास रणनीतिको प्राथमिकता वित्तीय पहुँच र वित्तीय स्थायित्व रहेको बताउनु भएको छ । सांग्रिला डेभलपमेण्ट बैंक लि.को कर्पोरेट तथा मुख्य शाखा कार्यालय, बालुवाटारको एक समारोहबीच असोज १२ गते उद्घाटन गर्दै उहाँले उक्त धारणा राख्नुभएको हो । ग्रामीण क्षेत्रमा वित्तीय पहुँच पुर्‍याई उत्पादनशील तथा



रोजगारीमूलक क्षेत्रमा कर्जा प्रदान गर्न विकास बैंकहरूको स्थापना र विकासको रणनीति लिएको, वित्तीय संस्थाको स्थापना र विस्तार तथा पर्याप्त पुँजी, सुशासन, बजार अनुशासन, आचारसंहिताको पालना र सुदृढ आन्तरिक नियन्त्रण प्रणालीतर्फ नेपाल राष्ट्र बैंकले ध्यान दिइरहेको जानकारी उहाँले दिनुभयो । सुदृढ बैंकका लागि भौतिक पूर्वाधार पनि राम्रो रहन आवश्यक पर्ने भएतापनि वासलात बलियो भए मात्र त्यसले सार्थक रूप लिने, संस्थाको वित्तीय स्थिति तथा तरलता अवस्थालाई नकारात्मक असर पर्ने गरी भौतिक सम्पत्ति खरिद गर्नु प्रत्युत्पादक हुने कुरा उहाँले बताउँनु भयो ।

नेपालका कुल घरपरिवारमध्ये करिब एक चौथाइमा मात्र ऋणको पहुँच भएकाले नेपालमा वित्तीय सेवा विस्तारका लागि पर्याप्त स्थान रहेको धारणा गभर्नर डा. खतिवडाले व्यक्त गर्नु भयो । लघुवित्तको कार्यक्षेत्रभन्दा माथिल्लो स्तरको आर्थिक अवस्था भएका र समृद्धितर्फ अग्रसर रहेका ग्रामीण क्षेत्रका उद्यमीमा विकास बैंकको पहुँच पुग्नुपर्ने धारणा उहाँले राख्नुभएको थियो । केही दशक अघि वित्तीय संस्था स्थापनामा उदार नीति अवलम्बन गर्दा प्रतिस्पर्धाका कारण कुशलता, मुनाफा र पहुँचमा वृद्धि हुने अवधारणा राखिएकोमा सो नीतिबाट अपेक्षित सफलता प्राप्त हुन नसकेकाले अब बैंकिङ्ग सेवा नपुगेको क्षेत्र र ग्राहक समूहमा काम गर्न प्रतिबद्ध संस्थाको निर्माणमा ध्यान दिनुपर्ने धारणा उहाँले राख्नु भयो ।

सांग्रिला डेभलपमेण्ट बैंक लि.का अध्यक्ष सुरेन्द्रबहादुर भारीको अध्यक्षतामा भएको सो कार्यक्रममा नेपाल बैंकर्स संघका अध्यक्ष राजन सिं भण्डारी र डेभलपमेण्ट बैंकर्स एसोसियसन नेपालका अध्यक्ष कृष्णराम लामिछानेले समेत मन्तव्य दिनुभएको थियो । उक्त बैंकको कर्पोरेट तथा मुख्य शाखाको उद्घाटन पश्चात गभर्नर डा. खतिवडाले कार्यालय भवनको निरीक्षण समेत गर्नुभएको थियो ।

**२०७१ असोज १२ गते, आइतबार**

**गभर्नरको कार्यालय**